# नेपाली व्याकरण (२८ Marks)

## १. अक्षर संरचना पहिचान (३)

* अक्षर खण्डीकरण गर्न (.) प्रयोग गर्ने
* (/ /) भित्र अक्षर संरचना देखाउने

Trick :

* दिएको शब्दलाई रोमनमा लेख्ने ,
* जति vowel letter त्यति नै अक्षर ,

| शब्द | | अक्षर संख्या | अक्षर संरचना |
|---|---|---|---|
| विशेष | → Bises → | २ → | /बि.सेस्/ <br> /बइ. सएस्/ |
| सञ्चार | → sanchar → | २ → | /सन्.चार्/ <br> /सअन्. चआर्/ |
| सूर्योदय | → suryodaya → | ४ → | /सुर्.यो.द.य/ <br> /सउर्.यओ.दअ.यअ/ |
| उपमहानगरपालिका | → upamahanagarpalika → | ८ → | /उ.प.म.हा.न.गर्.पा.लि.का/ |

परिवर्तन →

* Remember :

ई → इ  ऋ → रि  औ → अउ
ऊ → उ  ऐ → अइ  श/ष → स

@routine.aforplus

CS CamScanner

ञ → न्
ण → न / डँ

लेख्न कसरी ?

उत्तर :

| शब्द | अक्षर संरचना | अक्षर संख्या |
|---|---|---|
| वातावरण | वा . ता . व . रन् | ४ |
| शारीरिक | सा . रि . रिक | ३ |

@routine.afterplus
CS CamScanner

कृतिकार वा सर्जकहरूले साहित्यका विधाहरूको संरचना तथा स्वरूप अनुकूल हुने विधातत्त्वको उपयोग गरी रचना गरेका सिर्जनाहरूलाई कृति भनिन्छ ।

उत्तरः

| शब्द | अक्षर संरचना | अक्षर सङ्ख्या |
|---|---|---|
| सर्जक | सर्.जक् (सअर्.जअक्) | २ |
| संरचना | सं.र.च.ना (सअम्.रअ.चअ.नआ) | ४ |
| उपयोग | उ.प.योग् (उ.पअ.यओग्) | ३ |

गद्य भाषामा लेखिएको उपन्यासभन्दा छोटो आयतन भएको आख्यानात्मक विधालाई कथा भनिन्छ ।

उत्तरः

| शब्द | अक्षर संरचना | अक्षर सङ्ख्या |
|---|---|---|
| भाषा | भा.सा (भआ.सआ) | २ |
| ✓ आख्यानात्मक | आख्.ख्या.नात्.मक् (आख्.खयआ.नआत्.मअक्) | ४ |
| कथा | क.था (कअ.थआ) | २ |

अभिनय विधा मानिने नाटकको रचना संवादको प्रयोग गरी दृश्यात्मक ढाँचामा गरिएको हुन्छ । यो संवाद र अभिनयमा आधारित हुन्छ ।

उत्तरः

| शब्द | अक्षर संरचना | अक्षर सङ्ख्या |
|---|---|---|
| अभिनय | अ.भि.न.य (अ.भइ.नअ.यअ) | ४ |
| संवाद | सम्.वाद् (सअम्.वआद्) | २ |
| आधारित | आ.धा.रित् (आ.धआ.रइत्) | ३ |

नभन्दै त्यसको भोलिपल्ट बेलुकी आमाले मेरो हातमा घोडा ल्याएर दिनुभयो- सानो नीरपानी रङ्गको सुन्दर वायुपङ्खी घोडा तर प्लास्टिक (आले) को ।

उत्तरः

| शब्द | अक्षर संरचना | अक्षर सङ्ख्या |
|---|---|---|
| भोलिपल्ट | भो.लि.पल्.ट (भओ.लइ.पअल्.टअ) | ४ |
| नीरपानी | निर्.पा.नि (नइर्.पआ.नइ) | ३ |
| घोडा | घो.डा (घओ.डआ) | २ |

जस्तो लहरी बढो छिटो सरल पहाडी-ओलिंए झैं द्रुत लयमा खुट्टाका चालसँग मिलेर नाचिरहेको छ र तिनीहरू हाँस्तछन् मुसुमुसु ।

उत्तरः

| शब्द | अक्षर संरचना | अक्षर सङ्ख्या |
|---|---|---|
| छिटो | छि.टो (छइ.टओ) | २ |
| लय | ल.य (लअ.यअ) | २ |
| मुसुमुसु | मु.सु.मु.सु (मउ.सउ.मउ.सउ) | ४ |

भाषा, जाति, संस्कृति र प्रकृतिका दृष्टिले नेपाल विविधताको देश हो । प्रकृतिका पारखीहरू प्राकृतिक सुन्दरताले स्वर्गीय महत्त्वलाई भूखण्डमा उतार्ने बरदान पाएको मुलुकका रूपमा वर्णन गर्दछन् ।

उत्तरः

| शब्द | अक्षर संरचना | अक्षर सङ्ख्या |
|---|---|---|
| प्रकृति | प्र.कृ.ति (प्रअ.क्रइ.तइ) | ३ |
| सुन्दरता | सुन्.दर्.ता (सउन्.दअर्.तआ) | ३ |
| वर्णन | वर्.नन् (बअर्.नअन्) | २ |

CamScanner

२. वर्णविन्यास (३)

१. वर्ण (ब/व, श/ष/स, य/ए, इ/ह) ___ (२)

२. मात्रा (ह्रस्व) ___ (१)
(दीर्घ) ___ (१)

३. लेख्य चिह्न ___ १

४. पदयोग / पदवियोग ___ १

Total = ६

* कहाँ थियौं यतिका दिनसम्म ? भन्दै दमयन्ती चीसो ढुङ्गा माथि आफ्नो मुखमा सुर्यको सुनौलो प्रभाती किरनलाई अनुभव गर्दै ब्युँझिइन् ।

@routine.afterplus
CS CamScanner

वायु मन्डलामा रहेको वाश्प तरल पदार्थमा परिनत भयो । र पृथ्वीमा वर्षा शुरु भयो । भारि वर्षाका कारण पृथ्वीमा रहेका खाल्डाहरू पानीले भरिए ?

र:

वायुमण्डलमा रहेको बाष्प तरल पदार्थमा परिणत भयो र पृथ्वीमा वर्षा सुरु भयो । भारी वर्षाका कारण पृथ्वीमा रहेका खाल्डाहरू पानीले भरिए ।

---

जीवन्को लामो अवधीमा मान्छेलाई बाच्नका लागी दुई कुरा आवसेक मानिन्छन् धन र विद्या । यी मध्ये धनभन्दा विद्याले बाँच्ने मान्छेको जीवन् बढि सफल हुन्छ

र:

जीवनको लामो अवधिमा मान्छेलाई बाँच्नका लागि यी दुई कुरा आवश्यक मानिन्छन् - धन र विद्या । यी मध्ये धनभन्दा विद्याले बाँच्ने मान्छेको जीवन बढी सफल हुन्छ ।

---

आपद विपद् जहाँ पनि छन् । हो हुरिले विगाऱ्यो तर अव शबै ठिक बनाई हाल्छौं । कुनै नसकिने काम होइन तेति गर्न ।

र:

आपद-विपद् जहाँ पनि छ । हो, हुरिले बिगाऱ्यो तर अब सबै ठिक बनाई हाल्छौं कुनै नसकिने काम होइन त्यति गर्न ।

---

निरास हून त मन छैन । तर परीस्थिति एस्तो आइ पर्छ विवश भयेर नसही शुख छैन । नत्र हेर त गरिवी हालत छ, नसहेर अहिले के गर्नु ?

र:

निराश हुन त मन छैन तर परिस्थिति यस्तो आइपर्छ, विवश भएर नसही सुख छैन । नत्र हेर त, गरिबी हातल छ, नसहेर अहिले के गर्नु ?

---

हातखुट्टा वलीयो भएपछि काम भनेको सदै पाइन्छ बा । तर छोराछोरी का निम्ति बाबु सधैं पाइ रहिन्न बा को सेबा गर्न पाएपछि तेस्ता काम लाख आउचन् ।

र:

हात्खुट्टा बलियो भएपछि काम भनेको सधैं पाइन्छ बा ! तर छोराछोरीका निम्ति बाबु सधैं पाइरहिन्न । बाको सेवा गर्न पाएपछि त्यस्ता काम लाख आउँछन् ।

---

नेपाल विस्वमै भुकम्पीय जोखीमका दृष्टिकोनले अती संवेदनशिल क्षेत्रमा पर्दछ । एसबाट बच्ने एक मात्र उपाय भनेको हामि वस्ने घर लगायतका भौतिक संरचनाहरू बलिया बनाउनु नै हो । विशेषज्ञहरू बताउँछन् ।

र:

नेपाल विश्वमै भूकम्पीय जोखिमका दृष्टिकोणले अति संवेदनशील क्षेत्रमा पर्दछ । यसबाट बच्ने एक मात्र उपाय भनेको हामी वस्ने घरलगायतका भौतिक संरचनाहरू बलिया बनाउनु नै हो, विशेषज्ञहरू बताउँछन् ।

---

दइलो खोलेर बाइर अध्यारोमा सुन्दा रुडदुड खोला भयानक तउरले पाखै थर्काएर गर्जदै रहेछ बिच बिचमा अरु किशिमको आवाज पनि आएको जस्तो लाग्यो । उनीहरूले पानी हुरी के हो भन्ने छुट्याउन सकेनन् ।

र:

दैलो खोलेर बाहिर अँध्यारोमा सुन्दा रुडदुड खोला भयानक तौरले पाखै थर्काएर गर्जदै रहेछ । बिचबिचमा अरु किसिमको आवाज पनि आएको जस्तो लाग्यो । उनीहरूले पानी हुरी के हो ? भन्ने छुट्याउन सकेनन् ।

CS CamScanner

## २. शब्दभण्डार

### पारिभाषिक शब्द

→ खासखास क्षेत्रमा चल्ने तथा विशिष्ट अर्थमा प्रयोग हुने शब्द

e.g. - तापक्रम, स्नायु, जीवाणु, आशुकवि

### अनुकरणात्मक शब्द

→ कामको तरिकाको नक्कल गराई

- मुसुक्क, टलटल, कुटुक्क, घुटुक्क, झलझली

OR,

### उखानहरु

- नहुनु मामा भन्दा कानो मामा जाती
- न्याउरी मारी पछुतो
- काग कराउँदै गर्दै, पिना सुक्दै गर्दै
- मुखमा राम राम बगलीमा छुरा
- औंला दिँदा डुँडो निल्नु

### टुक्का

- तातो लाग्नु, तालुमा आलु फल्नु, खुट्टा जमाउनु
घैँटामा घाम लाग्नु

CamScanner

दिइएका अनुच्छेदबाट एउटा पारिभाषिक शब्द र एउटा अनुकरणात्मक शब्द पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् : (२)

कम्प्युटरमा भाइरस सङ्क्रमणबाट मर्मत हुन नसकेका फाइललाई एन्टिभाइरस गोर्खेले प्रविधिजलाई खुरुखुरु डिलिट गर्न सुझाब दियो । आफ्नो काम सकेर मुसुमुसु हाँस्दै ऊ लुरुलुरु बाटो लाग्यो ।

तलको अनुच्छेदबाट एउटा उखान र एउटा टुक्का पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् : (२)

हाम्रो समाज आलु खाएर पेडाको धाक लगाउने र कुरा काट्ने प्रवृत्ति निकै बढेको देखिन्छ । यस्तो प्रवृत्ति बढ्दै गएमा समाजले कौवुली फेर्ने कुरा त आकाशको फल आँखातरी मर भनेझैँ पो हुन्छ ।

उत्तर:

फाइल: रमेश दाइले फाइल खोलेर सबै फाइल डिलिट गरी दिनुभयो ।

मुसुमुसु: गोर्खेले मुसुमुसु हाँस्दै सबै एन्टिभाइरस नष्ट गर्‍यो ।

कुरा काट्नु: प्रमोद सर अनुप भण्डारीको कुरा काट्दै हिँड्नु हुन्छ ।

आलु खाएर पेडाको धाक: कक्षा १० को परीक्षामा तीनचोटि पुल्टुङबाजी खाएको मनोहरले कक्षा १० का विद्यार्थीलाई ट्युसन पढाउँछु भन्नु आलु खाएर पेडाको धाक लाउनु जस्तै हो ।

---

दिइएका अंशबाट एकओटा पारिभाषिक शब्द र एकओटा अनुकरणात्मक शब्द पहिचान गरी वाक्यमा प्रयोग गर्नुहोस् :(२)

कार्यालयको कामको बोझले रामेश मानसिक अन्तर्द्वन्द्वमा पर्‍यो र जुरुक्क उठेर लुरुलुरु घरतिर लाग्यो ।

दिइएको अनुच्छेदबाट एउटा उखान र एउटा टुक्का पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् : (२)

'गर्ने भन्ने हनुमान पगरी गुथ्ने ढेडु' भनेझैँ खुरुखुरु काम गर्ने विजयको कुरालाई ध्यान नदिएर कानमा तेल हालेर बस्ने विभागीय प्रमुखको तमासा देख्दा मलाई के भनूँ के भनूँ भयो । यो कुरा 'इन्द्रका अगाडि स्वर्गको बयान' भनेझैँ विकासले मलाई नै सुनाउँदै थियो ।

उत्तर:

कार्यालय: कार्यालयमा विभिन्न कामका बोझ हुन्छन् ।

जुरुक्क: राम रिसाएर जुरुक्क उठ्यो ।

कानमा तेल हाल्नु: जमुनाको कार्यालयको हाकिम चाहिने कुरा गर्दा पनि कानमा तेल हालेर बस्छ ।

गर्ने भन्ने हनुमान पगरी गुथ्ने ढेडु: दिनभर काम गरेर थकित भएर घर जान लाग्दा हाकिमलाई आफूले काम गरेका विवरण सुनाउँदै गरेको निरजलाई रमेशले पो मैले गरेको भन्छ, यो त गर्ने भन्ने हनुमान पगरी गुथ्ने ढेडु भनेझैँ भएन र ।

---

@routine.aherplus
CamScanner

४. शब्दवर्ग / पदवर्ग

नाम :- को र के को उत्तर आउने
- व्यक्ति, वस्तु, स्थान, समूह, भाव बुझाउने

सर्वनाम :- नाम, उपवाक्यको सट्टामा प्रयोग हुने

विशेषण :- नाम वा सर्वनामको गुण, दोष, सङ्ख्या बुझाउने
- कति, कस्तो, कत्रो, कुनको उत्तर आउने
- नाम वा सर्वनामका पछाडि को, का, की, रो, रा, री, नो, ना, नी

क्रियापद :- वाक्यमा कर्ताको कार्य, अवस्था बुझाउने
- वाक्य टुङ्ग्याउने

क्रियायोगी / क्रियाविशेषण :- क्रियाको विशेषता जनाउने
- क्रियाको स्थान, समय, तरिका, कारण आदि जनाउने
- कहिले, कहाँ, किन, कसरी

संयोजक : दुई वा बढी पद, पदावली र वाक्यलाई जोड्ने

विस्मयादिबोधक : मानवीय मनमा उत्पन्न हुने हर्ष, विस्मात आश्चर्य, सुख बुझाउने
- !

निपात : शब्दको अर्थमा जोड दिने तर केहि अर्थ नभएको

नामयोगी : नाम, सर्वनाम, विशेषणसँग जोडिएर वाक्यभित्रका पदसँग सम्बन्ध स्थापित गर्ने,

छुट्याउने तरीका :

म ⟶ सर्वनाम

@routine.afterplus
CS CamScanner

* विविधता नै नेपालको पहिचान हो भन्ने कुरामा त हामी स्पष्ट भयौं । यो विविधता समस्या नभएर सम्पत्ति हो भन्ने कुराचाँहि अलि बुझिरहन नि ।

उत्तर :

विविधता ⟶

हामी ⟶

भयौं ⟶

यो ⟶

चाँहि ⟶

नि ⟶

@routine.afterplus

CS CamScanner

सबैको नेपाली किताब पढौँ अनि फटाफट आफ्नो गृहकार्य गरौँ साथै आफू नेपाली भएकोमा गर्व पनि गरौँ भनी प्राचार्यले भन्नुभयो ।

र:

| पद | शब्दवर्ग | पद | शब्दवर्ग |
|---|---|---|---|
| नेपाली | विशेषण | आफू | सर्वनाम |
| फटाफट | क्रियाविशेषण | गर्व | नाम |
| गरौँ | क्रिया | पनि | निपात |

"तँ ठुली कहाँ खेल्न किन गएको त ? आफ्नो घरमा खेल्नु नि !" आमाले त्यति मात्र भन्नु भयो तर एकै क्षणका लागि उहाँको अनुहार विकृत भयो ।

र:

| पद | शब्दवर्ग | पद | शब्दवर्ग |
|---|---|---|---|
| तँ | सर्वनाम | तर | संयोजक |
| ठुली | नाम | अनुहार | नाम |
| आफ्नो | विशेषण | भयो | क्रियापद |

मनहरूमा कोलम्बस पनि बाँच्छ कि मान्छेको प्रयोगमा आउनुभन्दा पर वस्तुको अर्को ठुलो उपयोगिता छैन भने बटुलेर संसारभरिका झण्डाहरू ।

र:

| पद | शब्दवर्ग | पद | शब्दवर्ग |
|---|---|---|---|
| बाँच्छ | क्रियापद | उपयोगिता | नाम |
| भन्दा | नामयोगी | भने | संयोजक |
| ठुलो | विशेषण | बटुलेर | क्रियाविशेषण |

आमाले कथा भन्दै जाँदा मेरो मुटु ढुकढुक हुँदै गयो र मैले फेरि एक्कासि सोधेँ– "आमा ! मधुकर मर्छ हगि ? राक्षसनीले खान्छन् हगि ?"

र:

| पद | शब्दवर्ग | पद | शब्दवर्ग |
|---|---|---|---|
| कथा | नाम | र | संयोजक |
| मेरो | विशेषण | हगि | विस्मयादिबोधक |
| एक्कासि | क्रियाविशेषण | खान्छन् | क्रियापद |

आमा र बाको कुरा के हो मैले जम्मै बुझिनँ र बुझ्ने चासो पनि थिएन । मैले उहाँहरूको कुराबाट यति नै बुझेँ कि आमाले बासँग भनेर मलाई घोडा किनिदिन लगाइछोड्नुहुन्छ ।

र:

| पद | शब्दवर्ग | पद | शब्दवर्ग |
|---|---|---|---|
| बाको | विशेषण | चासो | नामपद |
| मैले | सर्वनाम | नै | निपात |
| बुझिनँ | क्रियापद | सँग | नामयोगी |

मध्यस्थले एउटा न एउटाको शत्रु हुनै पर्छ– कृष्ण रायले बिउँझेझैँ यो ज्ञान आर्जन गरे ।

र:

| पद | शब्दवर्ग | पद | शब्दवर्ग |
|---|---|---|---|
| एउटा | विशेषण | यो | विशेषण |
| शत्रु | नाम | ज्ञान | नाम |
| झैँ | नामयोगी | गरे | क्रियापद |

CamScanner

"तँ अर्कांकहाँ खेल्न किन गएको त ? आफ्नो घरमा खेल्न् नि ।" आमाले त्यति मात्र भन्नुभयो तर एकै क्षणका लागि उहाँका अनुहार विकृत भयो ।

| पद | शब्दवर्ग | पद | शब्दवर्ग |
|---|---|---|---|
| तँ | सर्वनाम | खेल्न् | क्रिया |
| त | निपात | तर | संयोजक |
| आफ्नो | विशेषण | अनुहार | नाम |

वीर व्यक्ति त बिरे जस्तो पो हुनुपर्छ त किनभने ऊ पढाइमा मात्र होइन साथीहरूसँग पनि वाह ; भन्न सकिने व्यवहार गरेर प्रिय बनेको छ ।

| पद | शब्दवर्ग | पद | शब्दवर्ग |
|---|---|---|---|
| वीर | विशेषण | बिरे | नाम |
| हुनुपर्छ | क्रियापद | किनभने | संयोजक |
| मात्र | क्रियाविशेषण | वाह | विस्मयादिबोधक |

सानीले भाइलाई भनी; पृथ्वी गोलो छ भनी वैज्ञानिकहरूले भनेका छन्; त्यसैले पो हाम्रो पुस्तकभित्र पनि यिनै कुरा लेखिएका छन् ।

| पद | शब्दवर्ग | पद | शब्दवर्ग |
|---|---|---|---|
| भनी | क्रिया | भनी | संयोजक |
| त्यसैले | संयोजक | हाम्रो | विशेषण |
| भित्र | नामयोगी | पनि | निपात |

हाम्रो समाजमा दुलही भित्र्याउँदा र छोरीबेटी दिएर पठाउँदासम्म त उनीहरूलाई विवाहको दुई-चार दिन निकै स्वागत सत्कार, मान मर्यादाको व्यवहार हुन्छ, अवश्य हो । तर डोलीमा हाली ल्याएर ढोकामा रोकी अनेक स्वागत सत्कार गर्दैमा स्वास्नीमान्छेहरूले हाम्रो समाजमा के मान मर्यादा र स्थान पाएका छन् ?

| पद | शब्दवर्ग | पद | शब्दवर्ग |
|---|---|---|---|
| हाम्रो | विशेषण | दिएर | क्रियाविशेषण |
| सम्म | नामयोगी | सत्कार | नाम |
| र | संयोजक | पाएका छन् | क्रियापद |

कर्णालीका जनता खोक्रो आश्वासन होइन, विकास र समृद्धि चाहन्छन् । उनीहरू आफ्नै देशमा दश नङ्ग्रा खियाउन चाहन्छन् तर विदेश गएर बहादुर बन्न चाहँदैनन् ।

| पद | शब्दवर्ग | पद | शब्दवर्ग |
|---|---|---|---|
| खोक्रो | विशेषण | र | संयोजक |
| चाहन्छन् | क्रिया | उनीहरू | सर्वनाम |
| देश | नाम | बहादुर | विशेषण |

दुई चार दिन त आमाले यसै गरी नबोली टार्न खोज्नुभयो तर अन्तमा मेरो ढिपी यतिसम्म बढ्यो कि उहाँले हाम्रै छिमकेकका पराजुली पण्डितको गाई चराउने गोपेलाई भनेर एउटा मुरली बनाएर नदिई सुखै पाउनु भएन ।

| पद | शब्दवर्ग | पद | शब्दवर्ग |
|---|---|---|---|
| चार | विशेषण | टार्न | क्रियाविशेषण |
| तर | संयोजक | सम्म | नामयोगी |
| उहाँ | सर्वनाम | गाई | नाम |

CamScanner

तलको अनुच्छेदबाट दुईदुईओटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नुहोस् : (२)

बाइसे राज्यका मानिसहरूले जीवन निर्वाहका लागि अँगालेको सबभन्दा प्रमुख पेसा नै कृषि थियो । जागिरका लागि अन्य कुनै बाटो पनि थिएन । पसल खोलेर बस्नेहरू पनि हुँदैनथे ।

र:

| तत्सम शब्द | आगन्तुक शब्द |
|---|---|
| कृषि<br>जीवन | जागिर<br>पसल |

तलको अनुच्छेदबाट दुईदुईओटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नुहोस् : (२)

रमाले जाडो याम सकिएपछि दाइले विदेशबाट पठाइदिएको स्विटर धोई अनि सूर्यको कडा प्रकाशबाट सुकाइसकेपछि त्यसलाई पट्याएर सानो सुटकेसमा राखी आलमारीमा थन्क्याई ।

र:

| तत्सम शब्द | आगन्तुक शब्द |
|---|---|
| सूर्य<br>प्रकाश | स्विटर<br>सुटकेस |

तलको अनुच्छेदबाट दुईदुईओटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नुहोस् : (२)

छोरा नरो, तँ टाइ, टोप र प्याटलुनमा बिक्ने मान्छे होइनस् मातृभूमिको ऋण धैर्य र सहनशील बनी तिर् ।

र:

| तत्सम शब्द | आगन्तुक शब्द |
|---|---|
| मातृभूमि<br>धैर्य | टाइ<br>प्याटलुन |

तलको अनुच्छेदबाट दुईदुईओटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नुहोस् : (२)

आजका बच्चालाई जन्मिँदै मोबाइल चाहिन्छ । ल्यापटपमा खेल्न र टेलिभिजमा झुण्डिनु पाए पुग्यो । घरमा आएका अतिथि वा पाहुनालाई नमस्कार गरी आफ्नै कोठामा दौडनु उनीहरूको परिचय बनेको छ । हेरौँ भविष्यमा ती कस्ता हुन्छन् ऊ ।

तर:

| तत्सम शब्द | आगन्तुक शब्द |
|---|---|
| अतिथि<br>भविष्य | मोबाइल<br>ल्यापटप |

तलको अनुच्छेदबाट दुईदुईओटा तत्सम र तद्भव शब्द खोजी लेख्नुहोस् : (२)

दुध मानिसको शरीरका लागि आवश्यक पेय पदार्थ हो । नियमित रूपमा यसको सेवन गर्नाले मानिस निरोगी हुन्छ । हातभरि औषधिका झोला बोक्नुपर्दैन । वृद्धहरूका लागि त यो निकै लाभदायी हुन्छ ।

तर:

| तत्सम शब्द | तद्भव शब्द |
|---|---|
| पेय<br>सेवन | दुध<br>मानिस |

CS CamScanner

## ३ आगन्तुक शब्द :

स्वदेशी वा विदेशी भाषाबाट नेपाली भाषामा आएका
जस्तै :

डाक्टर, इमेल, कम्प्युटर, घर, गोम, पसल, खुकुरी, गुन्द्रुक, रोटी आदि

* कम्प्युटर एउटा इलेक्ट्रोनिक यन्त्र हो जसले इन्पुट लिन्द र प्राप्त तथ्यलाई प्रशोधन गरी अर्थपूर्ण आउटपुट दिन्द

| तत्सम शब्द | आगन्तुक शब्द |
| --- | --- |
| १. यन्त्र | १. कम्प्युटर |
| २. प्रशोधन | २. इलेक्ट्रोनिक |

@routine.aforplus
CamScanner

५. शब्दस्रोत

भाषामा शब्दहरू कहाँबाट आएका हुन् भन्ने कुरालाई शब्दको स्रोत भनिन्छ ।

१. तत्सम शब्द :
संस्कृतबाट नेपाली भाषामा जस्ताको त्यस्तै आएका

जस्तै : हस्त, कार्य, कर्ण, मानव, नेत्र आदि

१. तत्सम पहिचान गर्ने तरीका
- ऋ, ण, श्र, ष, श, क्ष, त्र, ज्ञ भएका तत्सम
- एक र त्रिबाट सुरु हुने सङ्ख्याबोधक
- शिरबिन्दु र विसर्ग लागेका शब्द
  अंश, वंश आदि

२. तद्भव शब्द :
संस्कृत भाषाबाट नेपाली भाषामा आउँदा रुप परिवर्तन भएका।
जस्तै :
हस्त → हात
कार्य → काम
कर्ण → कान
मानव → मानिस
नेत्र → आँखा

पहिचान गर्ने तरीका :
- 'स्वयम्' बाहेक सबै सर्वनाम
- स्वाद र रङ बुझाउने : जस्तै : अमिलो, रातो... आदि
- महिनाका नाम : जेठ, असार...
- 'एक' र 'त्रि' बाहेक सबै सङ्ख्याबोधक
- जुनेली, गाउँले...

@routine.aherplus
CamScanner

**रेखाङ्कित शब्द कुनकुन कारकका हुन् ? पहिचान गरी लेख्नुहोस् :** (४)

दिदीले सिन्धुलीबाट झोलामा हालेर जुनार ल्याउनुभयो र आफ्नै हातले घरपरिवारका सबै सदस्यलाई दिनुभयो। बाँकी जुनारको रस बनाई गिलासमा राखेर साना केटाकेटीलाई खुवाई आफूले पनि खानुभयो। यसरी सबैलाई खुवाउन पाउँदा उहाँ दङ्ग पर्नुभयो।

उत्तरः

| शब्द | कारक | शब्द | कारक |
|---|---|---|---|
| दिदीले | कर्ता कारक | हातले | करण कारक |
| सिन्धुलीबाट | अपादान कारक | गिलासमा | अधिकरण कारक |
| झोलामा | अधिकरण कारक | केटाकेटीलाई | सम्प्रदान कारक |
| जुनार | कर्म कारक | आफूले | कर्ता कारक |

**तलका वाक्यहरूलाई आवश्यक सुधारसहित एकवचनबाट बहुवचनमा परिवर्तन गर्नुहोस् :** (४)

**तँ विदेश जान्छस्। त्यहाँ तैँले राम्रो काम पाउँछस्। त्यहाँ तैँले धेरै अनुभव लिनेछस्। विदेशबाट फर्किए पछि ती अनुभवलाई तँ आफ्नो देशमा लगाउँछस्। तँ खुसी हुन्छस्।**

उत्तरः

तिमीहरू विदेश जान्छौ। त्यहाँ तिमीहरूले राम्रो काम पाउँछौ। त्यहाँ तिमीहरूले धेरै अनुभव लिने छौ। विदेशबाट फर्किए पछि ती अनुभवहरूलाई तिमीहरूले आफ्नो देशमा लगाउँछौ। तिमीहरू खुशी हुन्छौ।

**ले, लाई, बाट, देखि, द्वारा तथा मा विभक्ति लागेका र भिन्न भिन्न कारकको प्रयोग भएको छ ओटा वाक्यमा रमाइलो यात्राको वर्णन गर्नुहोस्।** (४)

उत्तरः

हामी साथीहरूको समूहले २०७५ साल वैशाख दोस्रो साता पर्यटकीय नगरी पोखराको भ्रमण गऱ्यौं। पोखराको फेवाताललाई डाँडाकाँडाले घेरिएर आकर्षक बनाएका रहेछन्। सारङ्कोटको डाडोबाट सूर्योदयको दृश्यका अतिरिक्त माछापुच्छ्रे अनि पोखराको दृश्यावलोकन गरिने रहेछ। हामीले फेवातालदेखि बेगनास तालसम्म पैदलयात्रा गऱ्यौं। मानिसहरूद्वारा फेवा जति नै प्रशंसा बेगनासको पनि गरिएको पाइयो। पोखरामा हाम्रो भ्रमण टोली पाँच दिनसम्म बस्यो।

**तलको अनुच्छेदका वाक्यहरूलाई आवश्यक सुधारसहित प्रथम पुरुषमा परिवर्तन गर्नुहोस् :** (४)

**ऊ समाजसेवी हो। उसलाई अरूको काम गर्न आनन्द आउँछ। उसले जीवनलाई बुझेको छ। उसका साथीहरू पनि परोपकारमा रमाउँछन्। उनीहरू मिलेर कार्य गर्छन्।**

उत्तरः

म समाजसेवी हुँ। मलाई अरूको काम गर्न आनन्द आउँछ। मैले जीवनलाई बुझेको छु। मेरा साथीहरू पनि परोपकारमा रमाउँछन्। हामी मिलेर कार्य गर्छौं।

CamScanner

तलको अनुच्छेदबाट तीनओटा समस्त शब्द र तीनओटा द्वित्व व्युत्पन्न शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व व्युत्पन्न शब्दको निर्माण प्रक्रिया देखाउनुहोस् : (३)

अर्काको देखासिकी गरेर हिजोआजका केटाकेटीहरू अरू जस्तै माथिमाथि जाने चाहना राखेर शिक्षार्जन गर्नका लागि विदेश गइरहेका छन् । जजसले त्यस्तो गरिरहेका छन् तिनले एकातिर निकै झैझमेला बेहोर्नु पर्ने हुन्छ भने अर्कातिर अनेक दुःखकष्ट भोग्नुपर्ने हुन्छ । जान्नेबुझ्ने केटाकेटीहरूले चाहिं केही कामसाम गरे पनि पढाइ भने छाड्नुहुँदैन ।

ः

| समस्त शब्द | | द्वित्व शब्द | |
|---|---|---|---|
| शब्द | विग्रह | शब्द | निर्माण प्रक्रिया |
| हिजोआज | हिजो आज | जजसले | जसले + जसले |
| केटाकेटी | केटा केटी | झैझमेला | झमेला + झमेला |
| दुःखकष्ट | दुःख र कष्ट | कामसाम | काम + काम |

तल दिएका उपसर्ग र् प्रत्यय प्रयोग गरी एक एक शब्द निर्माण गर्नुहोस् : (३)

उपसर्ग - उप, अन, बे,

प्रत्यय - ली, आन, इम

रः

| उपसर्ग व्युत्पन्न शब्द | | | प्रत्यय व्युत्पन्न शब्द | | |
|---|---|---|---|---|---|
| उपसर्ग | निर्माण प्रक्रिया | शब्द | प्रत्यय | निर्माण प्रक्रिया | शब्द |
| उप | उप+आसक | उपासक | ली | गोरखा+ली | गोरखाली |
| अन | अन+जान | अन्जान | आन | शीर+आन | शिरान |
| बे | बे+इज्जत | बेइज्जत | इम | रक्त+इम | रक्तिम |

तलको अनुच्छेदबाट तिनओटा समस्त शब्द र तिनओटा द्वित्व शब्द पहिचान गरी तिनको निर्माण प्रक्रिया देखाउनुहोस् : (३)

आ-आफ्ना सरसामान बोकेका ससाना बालबालिका पुसमाघको चिसोमा कापी किताब च्यापेर स्कुल हिंडेको दृश्य झलझली आइ रहेको छ । आकाशतिर नौलाख ताराको सौन्दर्य साँझ बिहान हामीले देखेकै छौं ।

रः

| समस्त शब्द | | द्वित्व शब्द | | |
|---|---|---|---|---|
| शब्द | विग्रह | शब्द | निर्माण प्रक्रिया | अंश |
| बालबालिका | बाल बालिका | आ-आफ्ना | आफ्ना+आफ्ना | आफ्ना |
| नौलाख | नौ लाखको समूह | सरसामान | सामान+सामान | सामान |
| साँझ बिहान | साँझ र बिहान | ससाना | साना+साना | साना |

तलको अनुच्छेदबाट तीनओटा उपसर्ग व्युत्पन्न शब्द र तीनओटा प्रत्यय व्युत्पन्न शब्द खोजी लेख्नुहोस् : (३)

नेपालले विज्ञान र प्रविधिका क्षेत्रमा निकै उन्नति गरेको छ । यस्तै प्रकारको फड्को मार्दै जाने हो भने अब मुलुकले सामाजिक तथा आर्थिक क्षेत्रमा राम्रै विकास गर्ने छ । स्थानीय जनताको सक्रियता र राज्यको नीति राम्रो भएमा देशको सर्वाङ्गीण विकास हुन धेरै समय लाग्ने छैन ।

तरः

| उपसर्ग व्युत्पन्न शब्द | | प्रत्यय व्युत्पन्न शब्द | |
|---|---|---|---|
| शब्द | निर्माण प्रक्रिया | शब्द | निर्माण प्रक्रिया |
| विज्ञान | वि+ज्ञान | सामाजिक | समाज+इक |
| उन्नति | उत्+नति | आर्थिक | अर्थ+इक |
| प्रकार | प्र+कार | सक्रियता | सक्रिय+ता |

CS CamScanner

| द्वित्व शब्द | निर्माण प्रक्रिया | दोहोरिएको अंश |
|---|---|---|
| कामसाम | काम + काम | काम |
| तडकभडक | तडक + तडक | तडक |
| बिहानबिहान | बिहान + बिहान | बिहान |
| लुखुरलुखुर | लुखुर + लुखुर | लुखुर |
| मरमसला | मसला + मसला | मसला |

@routine.afterplus
CS CamScanner

## ६. शब्दनिर्माण

भाषामा शब्दहरू बनाउने प्रक्रियालाई शब्दनिर्माण भनिन्छ।

### उपसर्ग र प्रत्यय :

**उपसर्ग** : आफ्नो स्वतन्त्र अर्थ नहुने तर मूल शब्दका अगाडि जोडिएर आउने

जस्तै :

उप + हार ⟶ उपहार
प्र + गति ⟶ प्रगति
सह + भाव ⟶ सहभाव

**प्रत्यय** :

मूल शब्दको पछाडि जोडिएर शब्दको निर्माण गर्ने

जस्तै :

नुन + इलो ⟶ नुनिलो
हरियो + आली ⟶ हरियाली
माया + आलु ⟶ मायालु

### समास र द्वित्व :

**समास** : दुई वा दुईभन्दा बढी शब्दहरूको मेलद्वारा नयाँ शब्द निर्माण गर्ने प्रक्रिया

**द्वित्व** : एउटै शब्द दोहोरिएर नयाँ शब्द बन्ने प्रक्रिया

@routine_aforplus

| समस्त शब्द | निर्माण प्रक्रिया |
|---|---|
| रतन्धो | रातमा अन्धो |
| नवग्रह | नौ ओटा ग्रहको समूह |
| छातीपाइले | छातीका जस्ता पाइला भएको |
| यताउता | यता उता |

CS CamScanner

तलका वाक्यहरूलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस् : (४)

नेपाल प्राकृतिक दृष्टिले सुन्दर राष्ट्र हो । उत्तरी भागमा अग्ला हिमशृङ्खला छन् । मध्य भागमा हरियाली पहाड छन् । दक्षिणी भागमा समथर तराई छ ।

उत्तरी भागमा अग्ला हिमशृङ्खला, मध्य भागमा हरियाली पहाड र दक्षिणी भागमा समथर तराई भएको नेपाल प्राकृतिक दृष्टिले सुन्दर राष्ट्र हो ।

@routine.afterplus

CS CamScanner

## ङ) वाक्य संश्लेषण / विश्लेषण ।। उक्ति परिवर्तन

**क) वाक्य संश्लेषण :**
दुई वा बढी सरल वाक्यहरूलाई जोडेर एउटै बनाउने ।

घाम डुब्यो । साँझ पर्‍यो ।
→ घाम डुब्यो अनि साँझ पर्‍यो ।

**वाक्य विश्लेषण**
संश्लेषण भएका वाक्यहरूलाई छुट्याउने वा टुक्र्याउने ।

म घर गएर गृहकार्य गर्छु ।
म घर जान्छु । म गृहकार्य गर्छु ।

@routine.afterplus
CamScanner

## ८. काल, पक्ष, भाव, करण/अकरण || वाच्य

### १. काल : (समय)

#### क) भूत काल

**अपूर्ण भूत** : कार्य पुरा नभएको जनाउने
- तै / दै

जस्तै :

म भात खाँदै थिएँ ।

**पूर्ण** : कार्य पुरा भएको जनाउने
- एको / एका / एकी

जस्तै :

मैले भात खाएको थिएँ ।

**अज्ञात** : कार्य पुरा भएको तर थाहा नभएको
- एछ, एछु, एछौं ..

जस्तै

मैले भात खाएछु ।

**अभ्यस्त** : पहिले गर्ने कार्य अहिले नगर्ने

जस्तै :

कक्षा १ मा म प्रथम हुन्थेँ ।
मैले अतिरिक्त क्रियाकलापमा पनि पुरस्कार जित्थेँ ।

### २. भाव :

(अ) सामान्यार्थ - (सामान्य अर्थमा हुने)

म पुस्तक पढ्छु

CS CamScanner

(ख) आज्ञार्थक (आज्ञा, आदेश दिने)

तँ पुस्तक पढ् ।

(ग) इच्छार्थक (इच्छा, आशिर्वाद, उपदेश जनाउने)

तिमी ठुलो मान्छे बन ।

घ) सम्भावनार्थक (अनुमान र सम्भावना बुझाउने)

तिमी ठुलो मान्छे बनौला

(ङ) सङ्केतार्थक (एउटाले कार्य र अर्कोले कारण)

बादल लागे पानी पर्छ ।
परिश्रम गरे सफल भइन्छ ।

करण / अकरण
करण - सकरात्मक वा 'हो' भन्ने भाव दिने ।
अकरण - नकरात्मक " 'होइन' " " " ।

तिमी ज्ञानी भए → तिमी ज्ञानी नभए ।
रीताले पाठ पढिन्छे → रीताले पाठ पढिनन्छे ।

तल दिइएको अनुच्छेदलाई वाक्य ढाँचासहित अज्ञात भूत कालमा परिवर्तन गर्नुहोस् :

मेरी बहिनी सबेरै उठ्छे । ऊ उठ्ने बित्तिकै हातमुख धोएर पढ्न बस्छे । ऊ शिक्षकहरूले दिएको गृहकार्य खुरुखुरु गर्छे । ऊ आमालाई घरधन्दाका काममा पनि सघाउँछे । ऊ आफैँ तयारी गरेर विद्यालय जान्छे ।

त्तर:

मेरी बहिनी सबेरै उठिछे। ऊ उठ्ने बित्तिकै हातमुख धोएर पढ्न बसिछे। उसले शिक्षकहरूले दिएको गृहकार्य खुरुखुरु गरिछे। उसले आमालाई घरधन्दाका काममा पनि सघाइछे। ऊ आफैं तयार भएर विद्यालय गइछे।

आवश्यक कुरा थपघट गरेर तलका वाक्यहरूलाई वाच्य परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् : (४)

आज कविता वाचन प्रतियोगितामा सहभागी भइन्छ । त्यहाँ चर्चित कविहरू भेटिन्छन् । एउटा कविता वाचन गरिन्छ । अरुले वाचन गरेका कविताहरू सुनिन्छ । निर्णायक मण्डलबाट कविताहरू जाँचिन्छन् । प्रतियोगिताको नतिजा सुनाइन्छन् । त्यस प्रतियोगितामा पुरस्कार जितिन्छ । खुसी हुँदै घर आइन्छ ।

त्तर:

म आज कविता वाचन प्रतियोगितामा सहभागी हुन्छु। त्यहाँ चर्चित कविहरू भेट्छु। एउटा कविता वाचन गर्छु। अरुले वाचन गरेका कविताहरू सुन्छु। निर्णायक मण्डलले कविताहरू जाँच्छन्। निर्णायक मण्डलले प्रतियोगिताको नतिजा सुनाउँछन्। म त्यस प्रतियोगितामा पुरस्कार जित्छु। म खुशी हुँदै घर आउँछु।

---

तलको अनुच्छेदका वाक्यलाई आवश्यक सुधारसहित इच्छार्थमा परिवर्तन गर्नुहोस् : (४)

नेपाल विश्वको महान् देश बनेको छ । नेपालबाट शान्तिको सन्देश विश्वभरि फैलिएको छ । हाम्रो सन्तानहरूको भविष्य उज्ज्वल रहने छ । नेपाली युवाहरू विदेश पलायन हुने छैनन् । नेपाली हुनुमा खुसी लाग्ने छ ।

त्तर:

नेपाल विश्वको महान् देश बनोस्। नेपालबाट शान्तिको सन्देश विश्वभर फैलियोस्। हाम्रो सन्तानहरूको भविष्य उज्ज्वल रहोस्। नेपाली युवाहरू विदेश पलायन नहुन्। नेपाली हुनुमा खुसी लागोस्।

आवश्यक कुरा थपघट गरेर तलका वाक्यहरूलाई वाच्य परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् : (४)

आफू त बिहानै उठियो । खाजा खाइयो । साथीभाइलाई फोन गरी बोलाइयो । परीक्षाका लागि हामी केन्द्रतिर लाग्यौं । हामीले पढाइसम्बन्धी कुरा गर्‍यौं । हामीलाई सरले प्रश्नपत्र दिनुभयो । हामीले प्रश्न पढ्यौं अनि मजाले उत्तर लेखियो ।

त्तर:

म त बिहानै उठें। खाजा खाएं। साथीभाइलाई फोन गरी बोलाएं। परीक्षाका लागि केन्द्रतिर लागियो। हामीद्वारा पढाइसम्बन्धी कुरा गरिए। हामीलाई सरद्वारा प्रश्नपत्र दिइयो। हामीद्वारा प्रश्न पढियो अनि हामीले मजाले उत्तर लेख्यौं।

@routineofnepalbanda

CamScanner

८. कारक र विभक्ति / शब्द रुपायन

## शब्द रुपायन

### १. लिङ्गका आधारमा

लिङ्ग परिवर्तन गर्दा वचन, पुरुष र आदर परिवर्तन नगर्ने

जस्तै

राम कविता लेख्छ ⟶ सीता कविता लेख्छे

ऊ पोखरामा बस्छ ⟶ उनी पोखरामा बस्छिन्

### २. वचनको आधारमा

कुनै पनि व्यक्ति, वस्तु आदिको सङ्ख्यालाई वचन भनिन्छ।

| एकवचन | बहुवचन |
|---|---|
| त्यो नाच्छ। | तिनीहरु नाच्छन्। |
| धने बसाइँ सर्यो। | धनेहरु बसाइँ सरे। |

### ३. पुरुषका आधारमा

वक्ता, श्रोता र विषयलाई बुझाउने शब्दलाई पुरुष भनिन्छ।

प्रथम पुरुष - म, हामी

द्वितीय पुरुष - तँ, तिमी, तपाईं, हजुर

तृतीय पुरुष - ऊ, उहाँ, उसको ...

### ४. आदरको आधारमा

कुनै पनि व्यक्तिको प्रतिष्ठा वा इज्जतसँग सम्बन्धित व्याकरणिक कोटिलाई आदर भनिन्छ।

अनादर / निम्न / शून्य - त, ऊ, त्यो, यो

मध्यम / सामान्य - तिमी, उनी, तिनी, यिनी

उच्च - तपाईं, उहाँ, हजुर

CamScanner